**आकाशवाणी समाचार- नेपाली**

मितिः १८ अक्टुबर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** राष्ट्रपति द्रौपदी मुर्मु ले आज मलावीका राष्ट्रपति तथा नेताहरु सँग द्विपक्षीय बैठक अनि शिष्टमंडल स्तरको वार्ता गर्नुहुनेछ।

**२.** प्रधानमंत्री नरेंद्र मोदीले हिज चंडीगढ़मा एनडीए का मुख्यमंत्रिहरु अनि उप-मुख्यमंत्रिहरु सँग बैठक गर्नुभयो।

**३.** भारी उद्योग अनि इस्पात मंत्री एच.डी. कुमारस्वामीले आज कर्नाटकको मांड्यामा एउटा रोजगार मेलाको उद्घाटन गर्नुहुनेछ।

**४.** खेल मंत्री मनसुख मांडवियाले **राष्ट्रीय खेल प्रशासन विधेयक** को मसौदामा चर्चाका लागी सबै संबंधित पक्षहरु सँग बैठक गर्नु भएको छ।

**५.** ऑनलाइन घोटालाको बढ़दो खतरा बाट जोगिन सरकार अनि **मेटा ले** संयुक्त रूपमा "धोखाधड़ी से बचो" अभियान शुरु गरेको छ।

**६.** नेपालको राजधानी काठमांडूमा,दक्षिण एशियाई फेडरेशन- सैफ महिला फुटबॉल चैम्पियनशिपमा, भारतले हिज पाकिस्तान लाई 5-2 को गोल अन्तरले पराजित गर्यो।

**राष्ट्रपति-मलावी यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मु तीन अफ्रीकी देशको यात्राको दोस्रो दिन मलावी पुग्नु भएको छ। उहाँले आज मलावी राष्ट्रपति तथा नेताहरु सँग द्विपक्षीय बैठक अनि शिष्टमंडल स्तरको वार्ता गर्नुहुनेछ।

****** ० ******

**प्रधानमंत्री-एनडीए मुख्यमंत्री सम्मेलन**

प्रधानमंत्री नरेंद्र मोदीले राष्ट्रीय जनतांत्रिक गठबंधन-**एनडीए** देशको प्रगति अनि गरीब तथा बन्चित वर्गको सशक्तिकरणका लागी प्रतिबद्ध रहेको बताउनुभयो। श्री मोदीले हिज चंडीगढ़मा एनडीए का मुख्यमंत्रिहरु अनि उप-मुख्यमंत्रिहरु सँग बैठक गर्नुभयो। एक सोशल मीडिया पोस्टमा प्रधानमंत्रीले बैठकमा सुशासन अनि मानिसहरुको जीवन-स्तर लाई राम्रो बनाउन व्यापक चर्चा भएको बताउनुभयो ।बैठकमा भारतीय जनता पार्टी अध्यक्ष जगत प्रकाश नड्डा, रक्षामंत्री राजनाथ सिंह अनि गृहमंत्री अमित शाह पनि उपस्थित थिए। बैठकमा **संविधान का अमृत महोत्सव** मनाउने कुरामा पनि चर्चा भयो। बैठकमा एनडीए का 17 मुख्यमंत्रि अनि 18 उप-मुख्यमंत्रिहरुले भाग लिएका थिए ।भाजपा अध्यक्ष जगत प्रकाश नड्डाले यो कुनै गैर-कांग्रेसी सरकारको पहिलो बैठक रहेको अनि यस बैठकमा सबै दलले भाग लिएको बताउनुभयो । उहाँले बैठकमा छ संकल्प पारित गरेको पनि बताउनुभयो ।उत्तराखंडका मुख्यमंत्री पुष्कर सिंह धामीले सम्मेलनमा **विकसित भारत** को संकल्प पूरा गर्नका लागी प्रधानमंत्री बाट मार्गदर्शन प्राप्त भएको बताउनुभयो।

****** ० ******

**कुमारस्वामी-रोजगार मेला**

भारी उद्योग अनि इस्पात मंत्री एच.डी. कुमारस्वामीले आज कर्नाटकको मांड्यामा एउटा रोजगार मेलाको उद्घाटन गर्नुहुनेछ। सर एम. विश्वेश्वरैया स्टेडियममा आयोजित भइ रहेको यस दुई दिनको कार्यक्रममा 150 नियोक्ता शामिल हुनेछन् जसले मेलामा नै आवेदकहरुलाई नौकरीको अवसर प्रदान गर्नेछन्।मेलामा भारतीय इस्पात प्राधिकरण, राष्ट्रीय खनिज विकास निगम, भारत हेवी इलेक्ट्रिकल्स लिमिटेड, मेकॉन अनि जिंदल इस्पात शामिल हुनेछन्। "मांड्या से भारत" नामक यस मेलाको लक्ष्य मांड्या क्षेत्रको तीन हजार भन्दा अधिक युवाहरुलाई रोजगार प्रदान गर्नु हो।श्री कुमारस्वामीले मांड्या जिल्लामा प्रतिभाको कुनै कमी नभएको बताउनु भयो। उहाँले शिक्षित युवाहरुका लागी रोजगारको हरसंभव अवसर प्रदान गर्ने आफ्नु प्रतिबद्धता व्यक्त गर्नु भयो।

****** ० ******

**मांडविया-खेल विधेयक**

खेल मंत्री मनसुख मांडवियाले **राष्ट्रीय खेल प्रशासन विधेयक** को मसौदामा चर्चाका लागी सबै संबंधित पक्षहरु सँग बैठक गर्नु भएको छ। यसमा भारतीय ओलंपिक संघ, राष्ट्रीय खेल महासंघ अनि राष्ट्रीय खेल संवर्धन संगठन शामिल छन्। श्री मांडवियाले एक सोशल मीडिया पोस्टमा प्रधानमंत्री नरेंद्र मोदी को नेतृत्वमा केंद्र सरकार भारतलाई खेल क्षेत्रमा अग्रणी बनाउन, बुनियादी ढांचालाई मजबूत गर्न अनि खेलाडीहरुलाई प्रोत्साहन दिन प्रतिबद्ध रहेको बताउनु भयो।

****** ० ******

**सरकार ऑनलाइन घोटाला**

ऑनलाइन घोटालाको बढ़दो खतरा बाट जोगिन सरकार अनि **मेटा ले** संयुक्त रूपमा "धोखाधड़ी से बचो" अभियान शुरु गरेको छ। सूचना अनि प्रसारण सचिव संजय जाजू ले हिज नयाँ दिल्लीमा यस अभियानको उद्घाटनको अवसरमा यो पहल ऑनलाइन धोखाधड़ी बाट बाच्नका लागी एक ज़रूरी कदम रहेको बताउनु भयो। उहाँले सरकारले डिजिटल सुरक्षा अनि सतर्कतालाई बढ़ावा दिन चाहेको पनि बताउनु भयो ।श्री जाजू ले भारतमा इंटरनेटको उपयोग संगै साइबर धोखाधड़ीमा पनि वृद्धि भएको बताउनु भयो। पछिलो वर्ष धोखाधड़ीको 11 लाख मामिला दर्ता गरिएको थियो।मेटाको यो पहल इलेक्ट्रॉनिकी अनि सूचना प्रौद्योगिकी मंत्रालय, गृह मंत्रालय, सूचना अनि प्रसारण मंत्रालय तथा भारतीय साइबर अपराध समन्वय केंद्र को सहयोगमा शुरू गरिएको छ।

****** ० ******

**रेलवे-टिकट बुकिंग**

अब रेल टिकट 120 दिन को ठाउमा 60 दिन पहिला नै लिन सकिनेछ। यह परिवर्तन पहिलो नोबेम्बर बाट लागू हुनेछ। जबकी, यस महिनाको 31 तारीख़ सम्म चार महिना पछी सम्मको टिकट लिन सकिने छ। ताज एक्सप्रेस अनि गोमती एक्सप्रेसको मामिलामा कुनै परिवर्तन भएको छैन कारण यी रेलगाड़िहरुको अग्रिम आरक्षण अवधि पहिला बाट नै कम छ। विदेशी पर्यटकहरुका लागी अग्रिम आरक्षणको समय-सीमा 365 दिन नै रहनेछ।

****** ० ******

**झारखंड-अधिसूचना**

झारखंड विधानसभा चुनावको पहिलो चरणको अधिसूचना आज जारी गरिने छ। यस चरणमा 13 नवंबरमा ४३ निर्वाचन-क्षेत्रहरुमा मतदान हुने छ। नामांकन भर्ने अन्तिम मिति 25 अक्टूबर हो | नामांकन पत्रको जाच 28 अक्टूबरमा हुने छ भने 30 अक्टूबर सम्म नाम फिर्ता लिनु सक्ने छ। झारखंड विधानसभाको चुनाव दुइ चरणमा हुनेछ ।दोस्रो चरणको मतदान 20 नवंबरमा हुनेछ। भोटको गनती 23 नवंबरमा हुनेछ। राष्ट्रीय जनतांत्रिक गठबंधन अनि इंडिया गठबंधनले आफ्नु सहयोगी दलहरुको साथ सीट बिभाजन बारे चर्चा गरिरहेको छ। यस पल्ट भारतीय जनता पार्टी ऑल झारखंड स्टूडेंट्स यूनियन, जनता दल यूनाइटेड अनि लोक जनशक्ति पार्टी संग मिलेर चुनाव लड्ने छ। झारखंड मुक्ति मोर्चा कांग्रेस, राष्ट्रीय जनता दल अनि सीपीआई-एमएल संग मिलेर चुनाव लड्ने छ |

****** ० ******

**इजरायल-गाजा हवाई हमला**

गाजाको जाबालियाह शिविरमा बिहीबार इजरायली हवाई आक्रमणमा परी कम्तीमा २८ प्यालेस्टिनीको मृत्यु हुनुका साथै १६० जना घाइते भएको हमास द्वारा सञ्चालित गाजा सरकारले जनाएको छ। हवाई आक्रमणपछि विद्यालय परिसरमा रहेका टेन्टमा आगो लागेको थियो। एक प्यालेस्टाइनी स्वास्थ्य अधिकारीले इजरायली स्थल आक्रमणका कारण करिब दुई सातादेखि घेराबन्दीमा परेको उक्त क्षेत्रमा हताहत भएको पुष्टि गरेका छन्।

****** ० ******

-

**इन्डोनेसियाका - विदेश राज्यमन्त्री**

विदेश राज्यमन्त्री पवित्रा मार्गेरिटाले यही शनिबार र आइतबार इन्डोनेसियाको भ्रमण गर्नु हुनेछ। उहा राष्ट्रपति प्रबोवो सुबिआन्तो र उपराष्ट्रपति जिब्रान राकाबुमिङ राकाको आइतबार जकार्तामा हुने उद्घाटन समारोहमा सहभागी हुनुहुनेछ। यो वर्ष

महत्वपूर्ण छ किनकि दुवै देशले कूटनीतिक सम्बन्धको ७५ औं वर्षगाँठ मनाइरहेका छन् र भारतको 'एक्ट इस्ट' नीतिको एक दशक पुगेकोमा उत्सव मनाइ रहेको छ , जसमा इन्डोनेसिया एक प्रमुख स्तम्भ हो। उद्घाटन समारोहमा मार्गेरिटाको सहभागिताले भारत र इन्डोनेसिया बीचको व्यापक रणनीतिक साझेदारीलाई थप मजबुत बनाउने भारतको प्रतिबद्धतालाई पुष्टि गरेको इन्डोनेसियाका विदेश मन्त्रालयले जनाएको छ ।

****** ० ******

**केंद्र - शत्रु संपत्ति**

केंद्र ले वर्ष 2018 को **शत्रु संपत्ति निपटान आदेश** मा संशोधन गरेको छ। गृह मंत्रालयले एक अधिसूचनामा संपत्ति निपटानका लागी मूल्यांकनको सीमामा संशोधन गरेको छ। यस अंतर्गत ग्रामीण क्षेत्रहरुमा एक करोड़ रुपियाँ भन्दा कम अनि शहरी क्षेत्रहरुमा पांच करोड़ रुपिया भन्दा कम मूल्यको संपत्तिहरु पहिला वर्तमान बासिन्दाहरूलाई किन्नका लागी पेश गरिने छ। संशोधनमा, ग्रामीण अनि शहरी क्षेत्रको परिभाषा पनि स्पष्ट गरिएको छ।

****** ० ******

**सीबीडीटी-टीसीएस/टीडीएस**

केंद्रीय प्रत्यक्ष कर बोर्ड ले वेतनभोगी कर्मचारिहरुको आयकर नियममा संशोधन गरेको छ । यसको उद्देश्य स्रोतमा कर-संग्रह अनि करको कटौतीका लागी क्रेडिट दावा प्रक्रियालाई सरल बनाउनुहो। यसमा नाबालिकका माता-पिताका लागी स्रोतमा कर-संग्रह क्रेडिटको दावा गर्नु पनि शामिल छ। वेतनभोगी कर्मचारिहरुको मामिलामा, कर कटौतीको उद्देश्यले स्रोतमा कर-संग्रह अथवा कर कटौती शामिल गरिएको छ। संशोधन अनुसार, स्रोत बाट संग्रहित करको लाभ नाबालिकका माता-पिता लाई प्रदान गर्न सकिनेछ ।

****** ० ******

**देबराज रॉय -निधन**

अभिनेता देबराज रॉय को कोलकाताको एक निजी अस्पतालमा निधन भएको छ। उहाँ 69 वर्षको हुनुहुन्थ्यो । देबराज रॉय बंगाली चलचित्र अनि दूरदर्शन लगायत आकाशवाणी सँग पनि जुड़नु भएको थिए। उहाँले वर्ष 1970 मा **सत्यजीत रे** को चलचित्र **प्रतिद्वंदी** बाट आफ्नु चलचित्र यात्रा शुरु गर्नुभएको थियो । मृणाल सेन को **कलकत्ता-71** उहाँको एक अन्य चर्चित चलचित्र हो। देबराज रॉयले तरुण मजूमदार, विभूति लाहा अनि तपन सिन्हा जस्ता प्रसिद्ध निर्देशकहरु सँग काम गर्नुभएको थियो ।

****** ० ******

**महिला ट्वेंटी-ट्वेंटी विश्व कप**

महिला ट्वेंटी-ट्वेंटी क्रिकेट विश्व कपमा, दक्षिण अफ्रीकाको टीमले ऑस्ट्रेलियालाई पराजित गरेर फाइनलमा प्रवेश गरेको छ। हिज भएको पहिलो सेमीफाइनलमा, ऑस्ट्रेलियाले पहिला ब्याटिंग गर्दै पांच विकेट गुमाएर एक सय 34 रन बनायो। दक्षिण अफ्रीकाले यो लक्ष्य 18 ओवरमा नै प्राप्त गरियो । दक्षिण अफ्रीका लागी सर्वाधिक 74 रन बनाउने एनिक बॉश लाई **प्लेयर ऑफ द मैच** प्रधान गरियो। प्रतियोगिताको दोस्रो सेमीफाइनल आज न्यूजीलैंड अनि वेस्टइंडीज बीच शारजाह क्रिकेट स्टेडियममा हुनेछ । मैच भारतीय समय अनुसार बेलुकी साढे सात बजे शुरू हुनेछ। फाइनल खेल आइतबार हुनेछ ।

****** ० ******

-